# राष्ट्रिय प्रकृति संरक्षण कोष

केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर ।

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०९।२३

यस कोषद्वारा आ.ब. २०७६।०७७ मा तपसिल बमोजिमका स्थानहरुमा कस्तुरी मृगको नमूना पालनको लागि खोर, जनावरको उपचार गर्ने कक्ष तथा कर्मचारी बस्ने भवन निर्माण सिलबन्दी बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसाय सम्बन्धी फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र रितपूर्वको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | स्थान | लागत अनुमान मू.अ. कर तथा कन्टिन्जेन्सि बाहेक रु. | बोलपत्र जमानत रु. |
|---|---|---|---|---|---|
| १ | MoFE/NTNC/W/2 | कस्तुरी मृगको लागि खोर, उपचार कक्ष तथा कर्मचारी बस्ने भवन निर्माण | बारेकोट गाउँपालिका वार्ड नं ९, जाजरकोट | १,१९,४४,०५४।४४ | ३,५५,०००।- |
| २ | NTNCCO/W/1 | कस्तुरी मृगको लागि खोर, उपचार कक्ष तथा कर्मचारी बस्ने भवन निर्माण | मनाङ्ग डिस्याङ्ग गाउँपालीका वार्ड नं १, मनाङ्ग | १,५७,६३,३४२।४९ | ४७०,०००।- |

१. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र चालु आर्थिक बर्षको नविकरण गरेको फर्म ईजाजत पत्र, आयकर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७५।०७६ को आयकर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु, निमार्ण कार्यको लागि सम्वन्धित निकायको इजाजतपत्र निवेदनसाथ संलग्न राखी सम्वन्धित पदाधिकारीको दस्तखत र कोषको छाप लागेको सिलवन्दी बोलपत्र फारम रु. ३,०००।- (रु. तीन हजार) मात्र (फिर्ता नहुने गरी) तिरी यस कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर र सदर चिडियाखाना, जावलाखेल, ललितपुरबाट खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरि ३१ औं दिनको १२ बजे भित्र सिलवन्दी गरी यस कोषको केन्द्रीय कार्यालयमा दाखिला गरि सक्नु पर्नेछ ।

३. दर्ता हुन आएका सिलवन्दी बोलपत्र फाराम दाखिला गर्ने अन्तिम दिनको १४:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. निर्माण कार्यको विवरण बोलपत्र फारामसाथ उपलब्ध हुनेछ । यसमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कोषको प्रशासनमा वा टेलिफोन नम्बर ५५२६५७१, ५५२६५७३ मा सम्पर्क राख्न सकिने छ ।

५.. सिलवन्दी बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. सिलवन्दी बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला हुने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनु पर्ने छ । सिलवन्दी बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले तोकिएको बोलपत्र जमानत रकम बराबरको बाणिज्य बैंक वा वित्तीय संस्थाबाट नियमानुसार १२० (एकसय बीस) दिनको मान्य अवधि रहने गरी यस कोषको नाममा जारी गरेको बैंक जमानत (बैंक ग्यारेण्टी) को सक्कल प्रति पेश गर्नु पर्नेछ वा यस कोषको स्टयाण्डर्ड चार्टर्ड बैंक लिमिटेड, जावलाखेल, ललितपुरको चल्ती खाता नम्बर ०१-०००२७५५-०३ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

७. बोलपत्रदाताले सिलवन्दी बोलपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्वन्धी कसुरमा कुनै पनि सजाय नभएको भनी लिखित घोषणा गरेको कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

८. आवश्यक कागजातहरु नभएको, रित नपुगेको, म्याद नाघी आएको, कुनै शर्त राखेको, बोलपत्र सिलवन्दी लाहाछाप भई नआएको, निर्धारित ढाँचामा नभएको, बोलपत्रदाता वा नीजको प्रतिनिधिको सही तथा फर्मको छाप नभएको, अपुरो किसिमले भरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । साथै सिलवन्दी बोलपत्रको खाम बाहिर फर्म वा सप्लायर्सको नाम, ठेगाना लेखी छाप समेत लगाउनु पर्नेछ र सिलबन्दी बोलपत्र भनी स्पष्ट सँग लेख्नु पर्ने छ ।

९. सिलवन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोहि समयमा हुनेछ ।

१०. सिलवन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषसंग सुरक्षित रहने छ ।

११. यो सूचनामा उल्लेख हुन छुट भएका व्यहोराहरु प्रचलित कानून अनुसार हुनेछ ।

**(मिति २०७६।०९।२३ को गोरखापत्रमा प्रकाशित सूचनासँग सम्बन्धित ।)**